# सुन्दरबजार नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय, सुन्दरबजार, लमजुङ

### कर्मचारी आवश्यकता सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८१।१०।२१**

वैदेशिक रोजगारको क्षेत्रलाइ सुरक्षित,मर्यादित,व्यवस्थित तथा भरपर्दो बनाउने उदेश्यले सूचना तथा परामर्श, न्यायमा पहुँच, वित्तीय साक्षरता सहित मनोसामाजिक परामर्श सेवा र सामुदायिक सचेतीकरणका क्रियाकलापहरु सञ्चालनका लागि यस नगरपालिकामा निम्नानुसारको जनशक्ति सेवा करारमा लिनुपर्ने भएकोले इच्छुक नेपाली नागरिकहरु सवैको जानकारीको लागि यो सूचना प्रकाशित गिरएको छ।

| क्र. सं. | पद | पद संख्या | योग्यता |
|---|---|---|---|
| १ | मनोसामाजिक परामर्शकर्ता (सहायक स्तर पाँचौ सरह) | १ जना | • मान्यताप्राप्त शैक्षिक संस्थाबाट हेल्थ असिस्टेन्ट वा स्टाफ नर्स वा मान्यता प्राप्त विश्वद्यालयबाट पब्लिक हेल्थ वा नर्सिङ वा मनोविज्ञान वा समाजशास्त्र वा सोसिएल वर्कमा स्नातक तह, वा स्वास्थ्य शिक्षा विषयमा स्नातक तह उत्तिर्ण गरेको वा पोष्ट ग्राजुएट डिप्लोमा इन काउन्सेलिङ उत्तीर्ण गरेको ।<br>• सामी कार्यक्रम अन्तरगत कार्यरत मनोसामाजिक परामर्शकर्ताको हकमा कम्तीमा +२ वा सो सरह उत्तीर्ण गरी राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रबाट मनोसामाजिक परामर्श सम्बन्धी ६ महिने तालिम प्राप्त गरी सो केन्द्रबाट प्रमाण पत्र प्राप्त गरेको र केन्द्रको तालिम सूचना व्यवस्थापन प्रणालीमा सूचीकृत भएको।<br>• मनोसामाजिक परामर्श सम्बन्धी ६ महिने तालिम प्राप्त गरी राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रबाट प्रमाण पत्र प्राप्त गरेकोलाई बिशेष प्राथमिकता दिईनेछ।<br>• कम्प्यूटर सम्बन्धी आधारभूत ज्ञान तथा अनुभव भएको र नेपाली भाषामा प्रतिवेदन तयार गर्न सक्ने हुनुपर्नेछ। |
| २ | रिटर्नी स्वंयमसेवक | २ जना | • न्यूनतम कक्षा ८ उत्तीर्ण गरी वैदेशिक रोजगारी (खाडी मुलुक वा मलेसिया) मा गई कम्तीमा १ वर्ष काम गरेको अनुभव भएको।<br>• सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता दिईनेछ। |

**परिक्षा दस्तुर :** क्रं सं १ का लागि रु ७०० र क्रं सं २ का लागि रु ४०० बझाउनु पर्नेछ।

**छनौटको किसिम:** संक्षिप्त सूची र अन्तरवार्ता।

**तलव तथा अन्य सुविधा:** क्रं सं १ का लागि नेपाल सरकारले तोकेको सहायक स्तर पाँचौ सरहको सुरु तलव मान र क्रं सं २ को तलव मासिक रु १७,३०० हुनेछ।

**आवश्यक कागजातहरु:** माथि उल्लेखित योग्यता पुगेका इच्छुक नागरिकहरुले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, अनुभवको प्रमाणपत्रको प्रतिलिपि तथा शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी र पासपोर्ट साईजको एक प्रति फोटोको साथमा निवेदन सहित यस कार्यालयमा पेश गर्नु पर्नेछ।

**उमेरको हद :** निवेदकको उमेर दरखास्त दिने अन्तिम मिति सम्म २१ वर्ष पुरा भई ४५ वर्ष ननाघेको हुनु पर्नेछ।

**छनौट प्रक्रिया :** संक्षिप्त सूचिमा छनौट भएका उम्मेद्वारहरुलाई मात्र अन्तर्रवार्तामा समावेश गरिनेछ। संक्षिप्त सूची सार्वजनिक गर्दा अन्तर्वाता कार्यक्रमको जानकारी गराईनेछ।

**दरखास्त दिने अन्तिम मिति :** २०८१।११।०५ गतेका दिन कार्यालय समय भित्र।

२०८१।१०।२१